राप्ती नगरपालिका
नगर कार्यापालिकाको कार्यालय,चितवन

# तेश्रो नगर परिषद्

## १० असार २०७५

राप्ती नगरपालिका

# बजेट वक्तव्य
# २०७५/०७६

# आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्य

अध्यक्ष महोदय, प्रमुखअतिथिज्यु, अतिथिज्युहरु र

नगरपालिकाका सदस्यज्युहरु र नगरसभाका सम्पूर्ण सदस्यज्युहरु,

१. मुलुकमा विभिन्न कालखण्डमा राष्ट्रिय स्वाधीनता र लोकतन्त्रको निम्ति भएका जनसंघर्ष, जनआन्दोलन मार्फत जनताको बलिदानी पूर्ण संघर्षको परिणाम स्वरूप मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भै सो अनुरुपको संविधान जारी भैसकेको छ । संविधान कार्यान्वयनको क्रममा मुलुकमा नया सम्वृद्ध नेपाल निर्माण गर्ने अभियानको जगको रुपमा रहेको स्थानीय तहको निर्वाचन प्रदेश र संघको निर्वाचन पनि सम्पन्न भैसकेको छ. जसले नेपाली जनतालाई संबैधानिक रुपमा नै परिवर्तनको अनुभूति दिलाएको छ । आ. व. २०७५/७६ को बजेट पेश गरिरहेको यस अवस्थामा म राजनैतिक परिवर्तनको निम्ति विभिन्न चरणका संघर्षहरुमा शाहदत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु . राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति  आदरभाव प्रकट गर्दछु . यस नगरपालिकाको निर्वाचनमा अमुल्य मत दिई हामीलाई विजयी गराउनु हुने सम्पूर्ण मतदाताहरु प्रति म फेरी पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु .  साथै, सम्पूर्ण सरोकारवाला निकाय तथा व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अध्यक्ष महोदय,

अब म यस राप्ती नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्न चाहन्छु .

२. चितवनको सबै भन्दा पूर्वी क्षेत्रमा पर्ने पूर्ववत् पिप्ले, भण्डारा  बीरेन्द्रनगर कोराक र लोथर गाउँ विकास समितिहरु समायोजन भै बनेको यस राप्ती

नगरपालिका पहाडी र समथर भूभाग समेतको भौगालिक विविधता भएको नगरपालिका हो . यो नगरपालिका पुर्वमा मकवानपुर जिल्ला संग, पश्चिममा चितवन जिल्लाकै खैरहनी नगरपालिका, उत्तरमा महाभारत सृंखला हुदै धादिंग जिल्ला संग जोडिएको यो नगरपालिकाको दक्षिणी भूभाग भने चितवन राष्ट्रिय निकुन्जसंग जोडिएको छ . जम्मा ११२.०४ वर्ग कि.मि. क्षेत्रफल भएको नगरपालिकामा १२,०५५ घरधुरीको बसोबास रहेको छ. यस नगरपालिकाको जनसंख्या महिला- २७,७२८ र पुरुष- ३०,३१९ गरी जम्मा ५८,१०७ रहेको छ .यस नगरपालिकाको पहाडी भूभाग लोथर, कोराकमा ५२ प्रतिशत जनसंख्या गरीबीको रेखा मुनि रहेका छन् भने समथर भूभाग पिप्ले, भण्डारा, बिरेन्द्रनगरमा ७.१ प्रतिशत गरी सरदर २९.५ प्रतिशत जनसंख्या गरिबीको रेखा मुनि रहेका छन् .

३. विद्यमान अवस्थाको समीक्षा गर्दा निम्नानुसारका सबल पक्ष र दुर्बल पक्षहरुलाई केलाउदै अघि बढ्ने क्रममा यस नगरपालिकाको विकास र नगरवासीहरुको समृद्धिको निम्ति निम्नानुसारका अवसर र चुनौतिहरु रहेको पाइन्छ :

३.१ सबल पक्ष

स्थानीय प्रदेश र संघको निर्वाचन पछि नगरपालिकामा प्रदेशमा र संघमा निर्वाचित जनप्रतिनिधिको व्यवस्था हुनु, सीमित कर्मचारीहरुबाट कार्यहरु सम्पन्न गर्न सक्नु, करीब ८५ प्रतिशत विकास बजेट खर्च गर्न प्राप्त सफलता, आर्थिक व्यवस्थापनमा कम्प्युटर सफ्टवेयर, वडा कार्यालयहरुको केन्द्र सर्वसम्मत रुपले गर्न सक्नु जस्ता राम्रा सबल पक्षहरु रहेका छन् ।

३.२ कमजोर पक्ष

कार्यालय व्यवस्थापन सम्बन्धी नगरपालिकाको भवन नहुनु, वडा कार्यालयको आफ्नो भवन नहुनु, योजना तथा प्राविधिक शाखाको र स्टोर जस्ता पूर्वाधारको व्यवस्था गर्न नसक्नु कमजोरीको सामना गर्नु परेको छ . त्यस्तै, इन्जिनीयर

सहितको प्राविधिक तथा दक्ष कर्मचारीको अभाव कारण शत प्रतिशत योजनाहरु सम्पन्न गर्न नसक्नु जस्ता कमजोरी व्यहोर्नु परेको छ . त्यसै गरी, स्थानीय स्रोतबाट प्राप्त हुने राजस्व नगरपालिकाको मुख्य स्रोत भएकोमा वैज्ञानिक पद्धति अवलम्बन गरी एकीकृत सम्पति कर लागु गर्न नसक्नु, तोकिएका कर दस्तुरहरु पनि पुरै संकलन गर्न नसक्नु, दक्ष कर्मचारीको अभावमा कम्प्युटर विलिंग गर्न नसक्नु, वैज्ञानिक ढंगबाट राजस्व प्रक्षेपण गर्न नसक्नु जस्ता राजस्व व्यवस्थापन सम्बन्धी कमजोरीको सामना हामीले गर्नुपरेको छ .

३.३ अवसरहरु:

भौगोलिक विविधताको कारण कृषिमा विविधिकरण गर्न सक्ने हुनु, नगरपालिकाको पहाडी क्षेत्र मौसमी बेमौसमी तरकारी खेति, बाख्रापालन, कुखुरापालन, माहुरीपालन, जडीबुटी खेती साथै अर्गानिक खेति प्रणालीको निम्ति उपयुक्त हुनु चितवनको सबै भन्दा अग्लो कमिनुली डाडाँ विशाल नोकुगुफा रहेकोले पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न अत्यन्त सम्भावना हुनु र समथर भूभाग विभिन्न खाद्यबाली उत्पादन, तरकारी खेति, मत्स्यपालन, पशुपालन,  कुखुरापालन, फलफुल खेतिको निम्ति उपयुक्त हुनु, र पुर्व-पश्चिम लोकमार्ग यसै नगरपालिका भएर पार हुनु, लोथर राप्ती जस्ता नदीनालाहरु, विभिन्न सामुदायिक बनहरु र चितवन राष्ट्रिय निकुन्ज राप्ती एकता मध्यवर्ती सामुदायिक बन, पानीसराढाप पिपुल्स पार्क, परेवाकोट पर्यटकीय क्षेत्र रातोमाटे डाडा, बागदेवी सांस्कृतिक संग्राहालय, विशाल नाग पोखरी पर्यटकीय क्षेत्र, शिखर इको टुरिजम लगायतका क्षेत्रहरु पनि यसै क्षेत्रमा रहनु यस नगरपालिकाको विकासको निम्ति अवसरको रुपमा रहेका छन् .

त्यसैगरी, नया नगरपालिका भएको कारण व्यवस्थित नगर योजना निर्माण गर्ने अवसर, बजेट निर्माणमा स्वायत्तता, स्थानीय तहको निर्वाचन पछि नगरवासीमा छाएको उत्साह आदि कुराहरु अवसरको रुपमा रहेका छन् .

३.४ चुनौतीहरु: पहुँचको हिसाबले विकट उत्तरी भूभाग, पटक पटक आइरहने बाढीपैरो, खेतीयोग्य जमिनको खण्डीकरण, कृषि उत्पादनको उपयुक्त बजार व्यवस्थापनको अभाव, ढुंगा, बालुवा, वनपैदावार जस्ता प्राकृतिक स्रोतहरुको दोहन, कृषिमा रासायनिक मल र विषादीहरुको अधिक प्रयोग, उत्तरी भूभागमा सिंचाईको अभाव, पहाडी भूभागमा सडक यातायातको कमी, सामुदायिक विद्यालयहरुको निम्ति स्रोत र दक्ष जनशक्तिको अभाव र शिक्षाको गुणस्तरमा कमी, राष्ट्रिय निकुन्जबाट वस्तीहरुमा जंगली जनावरबाट पुर्याउने क्षति, अव्यवस्थित बसोवास आदि यस नगरपालिकाको विकासको निम्ति चुनौती रहेका छन् .

त्यसै गरी आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन हुन नसक्नु,धेरै किसिमका कानुन तथा कार्यविधिहरु, संघ र प्रदेशसँग नबाझिने गरी बनाउनु पर्ने भएकोले, प्रदेशको सबै किसिमको कानुन वनि नसकेको अवस्था स्थानीय तह सम्बन्धी ऐन कानुनको अभाव र संविधानमा उल्लेखित साझा अधिकारका सम्बन्धमा अस्पष्टता,  सीमित स्रोतको उपलव्धता र असीमित आवश्यकता 899बीच तालमेल नहुनु, पारदर्शीता र सुशासन कायम गर्ने, विपन्न वर्गको जीवनस्तरलाई नगरको औसत भन्दा निक्कै कम हुनु, विकासका क्षेत्रहरुको प्राथमिकीकरण र नगरको व्यवस्थित विकास गर्ने जस्ता नीतिगत चुनौतीहरु रहेका छन् .

अध्यक्ष महोदय,

४. आ.व. २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्नानुसारको पद्धतिहरु अवलम्बन गरिएको छ :

- स्थानीय अवश्यकताको पहिचान
- स्रोतको उपलव्धताको आंकलन
- आर्थिक सम्वृद्धिको लक्षहरुको पहिचान
- दिगो विकास लक्षहरुको पहिचान

- जनसहभागितात्मक योजना छनोट प्रणाली:
  वडा समिति सदस्यको संयोजकत्वमा टोल बस्तीस्तरको भेलाबाट छनौट गरिएका योजनाहरु वडा तह बाट प्राथमिकीकरण गरी, प्राप्त भएका योजनाहरु विषयगत समितिमा छलफल गरि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राथमिकीकरण निर्धारण गरी स्रोतको उपलब्धता र सम्भाव्यताको आधारमा छनोट गरी सिफारिस गर्ने र उक्त योजनाहरु नगरपालिका कार्यपालिकाको बैठकबाट पास गरी अन्तिममा नगर सभा बाट स्वीकृत गर्ने तहगत योजना छनोट पद्धतिको अवलम्बन गरिएको छ ।

## चालु आ. व. २०७४/७५ को समीक्षा

चालु आ. व. २०७४/७५ मा यस नगरपालिकाबाट सम्पन्न कार्यक्रम तथा भइ रहेको कार्यक्रम सामान्य समीक्षा निम्नानुसार रहेको छ :

नगर गौरवका योजनाहरु, पर्यटन विकासका क्षेत्रमा पानीसरा ढाप पिपुल्स पार्क, नाग पोखरी, शिखर इको टुरिजम, राप्ती एकता मध्यवर्ती सामुदायिक बन क्षेत्रमा खगेन्द्र मल्लि पोष्टद्वार, नेशनल सिटी हल निर्माण पहाडी क्षेत्रमा कमिनचुली नोक गुफा पर्यटकीय स्थल निर्माण लगायतका योजनाहरुका कतिपय योजनाहरु निर्माणधिन अवस्था रहेका छन भने केही योजनाहरुको डि पि आर निर्माणधिन अवस्थामा रहेका छन । शिक्षाका क्षेत्रमा शिक्षालाई गुणस्तरीय बनाउनको लागि विभिन्न प्रयासहरु गरिएका छन । पहाडी क्षेत्र ३ ओटा स्थानमा आवसीय विद्यालय बनाउन कान्देश्वरी आधारभूत विद्यालय कान्दामा लक्ष्मी प्रतिष्ठान संस्था, गणेश मा वि यौरालीटारमा  शान्तिगृह नेपाल र थाकलटार मा वि मा परिवर्तन नेपाल संस्थासँग समन्वय गरि आवसीय विद्यालयको रुपमा अगाडी बढाई रहेका छौ । विद्यालय जाने उमेर पुगेका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन भनि नगर कार्यपालिकाको प्रथम बैठकबाट निर्णय गरि अभियान चलाएका छौं । कैयौ सडकहरु नाला सहितको कालोपत्रे, ढलान  र उच्च स्तरीय ग्रावेल गर्ने कामहरु सम्पन्न गरेका छौ ।

बिषयगत शाखाहरुमा सम्पन्न कार्यक्रमको समिक्षाः

१. भौतिक पूर्वाधार अन्तगर्गत सडक विस्तार र स्तरोन्नति कार्यक्रममा कालोपत्रे १२१८ मिटर, मोजाईक सडक ८२५ मिटर, ढलान सडक ११२२ मिटर, १५३०४ मिटर नयां सडक विस्तार, ३६०१३ मिटर सडकलाई उच्चस्तरीय ग्रावेल र ३०८७ मिटर पक्की नाला, २ वटा कल्भर्ट, १ वटा ट्रस पुल निर्माण गरिएको छ ।

२. करिव ५०० नयां घरको नक्सा पास गर्ने कार्य गरिएको छ साथै करिव ७०० वटा पुराना घरको अभिलेखिकरण गरिएको छ ।

३. खानेपानी तथा सिंचाई तर्फ नगरका विभिन्न क्षेत्रमा वोरिङ, खानेपानी, रिजर्भ ट्याङ्की एवम् कूलो निर्माण गरिएको छ ।

४. जङ्गली जनावर र मानववीचको द्वन्द समाधान गर्न मध्यवर्ती सामुदायिक वनको सिमानामा १०२५ मिटर कंक्रिट पर्खाल निर्माण  सम्पन्न भएको छ ।

५. युवा जनसक्तिलाई नगरपालिकामा नै पशुपालन गरि रोजगारी सिर्जना गर्न ब्याडे बोका वितरण, बाख्रा बितरण, खोर निर्माण, वंगुर वितरण, गाई, भैसी, वाख्राको गोठ सुधार कार्यका लागि अनुदान वितरण तथा आयआर्जनका कार्यक्रमहरु संचालन, सहकारी मार्फत मिल्क एनालाइजर मेसिन, दुध ढुवानी गर्ने सबारी साधन, घास काट्ने मेसिन र गोवर फाल्ने ठेला खरिदमा अनुदान वितरण गरिएको छ ।

६. आधारभूत पशु स्वास्थ्य सेवा अन्तर्गत ३५२० पशुको उपचार गरेको, १४३५ पशुको रोग निदान गरी निशुल्क १९१०३ खोप लगाईएको गाई भैसी र बाख्राहरुमा कृतिम गर्भधारण सेवा उपलब्ध गराईएको छ ।

७. कृषि सहकारीहरुको भवन निमार्णमा अनुदान उपलव्ध गराई कृषि उपजको भण्डारण र व्यवस्थापनमा प्रत्यक्ष सहयोग पुर्याईएको छ ।

८. कृषिका पकेट क्षेत्रका लागि कृषकलाई अनुदान उपलव्ध गराई प्रत्यक्ष रुपमा कृषिको विकासमा जोड दिएका छौं।

९. विभिन्न प्रकारका कृषि औजार उपकरण र  सामाग्री कृषकको हातमा पुऱ्याईएको र जसले परम्परागत शैलिको कृषि गर्ने वानि अव आधुनिकता तर्फ जान मद्दत मिल्दछ भन्ने विश्वास लिएको छु ।

१०. यस नगरपालिकाको वडा नं १ लाई पूर्ण आई पि एम युक्त वडाको रुपमा घोषणा गरी विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ ।

११. यस वर्ष हामीले राप्ती नगरपालिका लाई पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्न सफल भएका छौ यस कार्य मा सहयोग गर्नु हुने सबै स्वास्थ्यकर्मी स्वास्थ्य , धन्यवाद मा सबै सर्बसाधारण  एबम  जनप्रतिनिधि कर्मचारी ,सेविका स्वयम् गर्न ब्यक्त चाहन्छु ।

१२. वर्ष भरि हामीले स्वास्थ्य चौकी हरु बाट सेवा प्रबाह गर्ने क्रम मा बाह्रै महिना औषधी आपूर्ति गर्न सफल भएका छौ

१३. महिला स्वास्थ्य स्वयम्सेवक हरुको हौसला वृद्धिको लागि मासिक रु ९०० का दरले दिने व्यवस्था गरि थप उर्जा प्रदान गर्ने कार्य भएको छ

१४. चेपांग समुदायलाई लक्षित गरि परिवार नियोजन कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएको छ ।

१५. आयुर्वेदतर्फ वर्ष भरि औसधि को आपूर्ति को व्यवस्था भएको छ ।

१६. आयुर्वेद औसधालय को भबन निर्माण को लागि आबस्यक जग्गा को व्यवस्था गर्न प्रक्रिया अगी बढाइएको छ ।

१७. आर्थिक प्रशासन शाखामा अति आधुनिक खाताको सफ्टवेयर व्यवस्था गरि सोहि प्रणाली बाट कार्य संचालन भएको छ । अनलाईन प्रणालीमा आवद्ध यस व्यवस्थापनले हामो आर्थिक कारोवारको पारदर्शिता र कार्यमा सरलतामा, सहजता महसुस गरिएको छ, यस अवसरमा म आर्थिक प्रशासन शाखामा कार्यगर्ने सम्पुर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

१८. २०७४ सालको श्रावण अन्तिम हप्तामा आएको वाढिको कारण विपदको सिर्जना हुदा खोज, राहात र उद्धारका कार्यहरु सरोकारवाला निकायको

सहयोगमा पिडितलाई आवश्यक सहयोग कार्य गर्न सफल भयौं र वाढी वाट क्षति भएको वाटोघाटो, कुलोहरुको मर्मत गरी संचालन गर्न सहयोग गरिएको छ ।

१९. गरिवसंग विश्वेश्वर कार्यक्रमवाट वडा नं१ ., २ र ३ का विपन्न परिवारका लागि गुडिया वनाउने तालिम वाख्रा साटासाट कार्यक्रम एवं धारा र शौचालय निर्मार्णमा सहयोग पुर्याएको छ ।

यस नगरपालिका क्षेत्र भित्र रहेका अपाङ वा फरक शारिरीय भएकाहरुलाई हुइल्स चियर लगायत विभिन्न सामग्रीहरुको व्यवस्था गरेका छौ ।

५. आयोजना प्राथमिकीकरणका आधारहरु

नगरपालिकाको आयोजनाहरु छनोट गर्दा आयोजना प्राथमिकिकरण गर्ने सन्दर्भमा निम्नानुसारका आधारहरु लिइएको छ

- छनौट गरिने आयोजना स्थलको विकासर आवश्यकताको अवस्था
- आर्थिक विकास र आधारभूत सेवा प्रवाहको दृष्टिकोणले महत्वपुर्ण
- आयोजनामा हुन सक्ने जनसहभागिता
- दुर्गम र पछौटेपनको स्थितिको सम्बोधन
- दिगो विकास र गरिबी निवारणमा पुग्न सक्ने सहयोग
- आयोजना कार्यान्वयनमा सहजता
- तोकिएका शर्तहरुको पालना
- लाभान्वित जनसख्या

६. प्रस्तुत हुन गैरहेको यस नगरपालिकाको आगामी आ.व. २०७५/७६ को बजेटले निम्नानुसारका परिकल्पना, उद्देश्य, लक्ष र उपलब्धिको अपेक्षा राखेको छ :

- परिकल्पना: समुन्नतनगरपालिका – सम्बृद्ध नगरवासीहरु- आगामी २० वर्ष भित्र राप्ती नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्ने



राप्ती नगरपालिका

- लक्ष:नगरपालिका भित्र व्यवस्थित बसोबासको व्यवस्था गरी सुन्दर, सफा र सुविधायुक्त नगरपालिका निर्माण गर्ने र रोजगारी र उत्पादनतथा आयमा वृद्धि गरीनागरिकहरुको जीवनस्तर माथि उठाउने
- उद्देश्य:
  - नगरवासीहरुलाई गुणस्तरीय सेवा र सुविधा प्रदान गर्ने
  - आय आर्जन तथा रोजगारीमा वृद्धि गर्ने
  - सबै क्षेत्रको सन्तुलित विकास गर्ने
  - वातावरणीय हिसाबले स्वच्छ र सफा नगरपालिका बनाउने
  - नगरभित्रसुरक्षा र सुशासन कायम राख्ने

- अपेक्षितउपलब्धिहरु:
  - नगर भित्र सुन्दर, वतावारणमैत्री र व्यवस्थित सडक संजालको निर्माण भै नागरिकहरुले निर्वाध यातायातको सुविधा प्राप्त गर्न सक्नेछन्
  - नगरपालिका भित्र नागरिकहरुले तुलनात्मक रुपमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधा प्राप्त गरेका हुनेछन| विद्यार्थीहरुले व्यवसायिकर रोजगारमूलक शिक्षा प्राप्त गरेका हुनेछन र आधारभूत शिक्षा सुविधाबाट कोही पनि वन्चित हुनेछैनन् र सबै नगरवासीहरु सामान्य स्वाथ्य सुविधाको पहुँच भित्र हुनेछन
  - पर्यटन पूर्वाधारको विकासको माध्यमबाट रोजगारी र आय आर्जनको वृद्धि भै नागरिकहरुको आर्थिक स्तर उठेको हुनेछ ।
  - नगर भित्र कृषि उत्पादन र बजार व्यवस्थापनको अवस्थामा सुधार हुनेछ
  - नगरपालिकाको समथर क्षेत्रमा विद्ध्युतिकरण र खानेपानीको सुविधामा सुधार भएको हुनेछ र पहाडी क्षेत्रका वासिन्दाहरुले पनि विद्युतिकरणको सेवा प्राप्त गर्न सक्नेछन ।
  - महिला तथा युवाहरुले रोजगारमुलक तालीम प्राप्त गरी आय आर्जनमा लाग्ने वातावरण बन्दै जानेछ

– शहरवातावरणमैत्री हुदै जानेछ

८. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः–

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका नीति तथा आधारहरु निम्न रहेका छन्ः

- नेपालको संविधान
- त्रीवर्षीय योजनाले निर्दिष्ट गरेका प्रमुख एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु
- अदालतद्वारा प्रतिपादित नजिर, सिद्घान्त तथा नीतिहरु
- मध्यकालीन खर्च संरचनाको अवधारणा
- नेपाल सरकारले अन्तराष्ट्रिय तथा छिमेकी सरकार संग गरेका सन्धि सम्झौता तथा प्रोटोकलहरु
- संयुक्त राष्ट्रसंघको वडापत्र तथा समय समयमा अनुमोदन भएका घोषणा पत्रहरु,दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका घोषणा पत्र र विभिन्न समितिहरुले पास गरेका विषयहरु
- संघीय सरकार र प्रदेश सरकारको स्थानीय तह गठन आदेश २०७४ तथा संघीय मामिला तथा स्थानीय विकास मंत्रालयका समय समयमा प्राप्त परिपत्रहरु
- नेपाल सरकारका विभिन्न निर्णय र आदेश
- राप्ती नगरपालिकाका स्वीकृत ऐन, नियमावली,कार्यविधि
- स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४
- जनप्रतिनिधिहरुले नगरवासीहरु संग स्थानीय तहको चुनावमा प्रतिज्ञा गरेको घोषणपत्र
- संघीर सरकार प्रदेश सरकार अर्थमन्त्रालयबाट प्राप्त बजेट तथा कार्यक्रम दिग्दर्सन
- विभिन्न कार्यालय,संघसंस्था, राजनितीक दलहरुबाट प्राप्त सुझावहरु

अध्यक्ष महोदय,

९. अब म उपर्युक्त भूमिकाको आधारमा तयार गरिएको आ.व. २०७४/७५ को अनुमानित आय-व्यय समेतको बजेट तथा कार्यकमहरु प्रस्तुत गर्दछु ।

**नगर गौरवका योजनाहरु**

**आर्थिक वृद्धिको आधार: पर्यटन पूर्वाधार**

पर्यटनको माध्यमबाट आर्थिक विकास गर्न सकिने प्रसस्त सम्भावना बोकेको यस नगरपालिकामा त्यसको निम्ति निम्नानुसारको योजनाहरुलाई प्राथमिकता राखेको छु र गौरवका ठूला योजनाहरु नगरपालिकाको थोरै तथा सानो बजेटबाट सम्पन्न गर्न नसकिने भएकोले यी गर्नुपर्ने अत्ति आवश्यक योजनाहरु सम्पन्न गर्न संघ र प्रदेश सरकारसंग बजेट माग गरी कार्य सम्पन्न गर्ने सोच लिएको छु ।

- राप्ती नगरपालिका भरि पर्यटन प्रवर्धनको कार्यको निम्ति एक “नगर पर्यटन विकास बोर्ड –राप्ती” गठन गर्ने र पर्यटन प्रवर्धनका कार्यक्रम सम्बन्धित सरोकारवालाहरुसंग समन्वय गरी त्यसैलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु
- पर्यटन प्रवर्धनको हिसाबले महत्वपुर्ण पानीसरा (राप्ती-९ ) ढापमा निर्माणाधीन पिपुल्स पार्कको निर्माणलाई विस्तृत परियोजना प्रतिवेदन अनुरुप अगाडि बनाउने कामको लागि प्रदेश सरकारसँग रु.२ करोड माग गरेको छु ।
- पर्यटकीय महत्व बोकेको परेवाकोट (राप्ती १) मा पर्यटन प्रवर्धनको निम्ति अर्को विन्दुको रुपमा विकास गर्न आवश्यक देखिएकोले त्यसको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न र चितवन राष्ट्रिय निकुन्ज अवलोकन गर्न पार्क तथा निर्माणधिन भ्यु टावर रहेको यस क्षेत्रमा विद्युतीकरण गर्नको निम्ती प्रदेश सरकारसँग रु २ करोड माग गरेको छु ।

- राप्ती-८ स्थित कालिका सामुदायिक वन भित्र मनोरंजन पार्क (Fun Park) निर्माण गर्न रु. २५ लाख विनियोजन गरेको छु । यो कार्यक्रम कालिका सामुदायिक वन र नगरको समन्वयमा संचालन हुनेछ ।
- राप्ती-७ बाघदेवी सामुदायिक बनमा विशाल सांस्कृतिक संग्राहालयको निर्माण गर्न रु ३० लाख बजेट विनियोजन गरेको छु । यो कार्यक्रम सामुदायिक बन र नगरको समन्वयमा संचालन हुनेछ ।
- राप्ति-६ स्थित राप्ती एकता मध्यवर्ती वन क्षेत्रमा “राप्ती नगर प्राकृतिक चिडियाखाना” निर्माणको निम्ति प्रदेश सरकारसँग रु ५ करोड बजेट माग गरेको छु ।
- कमिनचुली, नोकु गुफालाई पर्यटकीय दृष्टिकोणले प्रभावकारी बनाउन केवल कार संचालनको सम्भाव्यता अध्ययन समेतको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रकम विनियोजन गरेको छु।
- राप्ती न. पा. को दक्षिणमा रहेको र पहिले संचालनमा रहेको निकुन्ज प्रवेशद्वार खगेंद्रमल्लीलाई व्यवस्थित गर्न बजेट व्यवस्था गरेको छु ।
- आदीबासी जनजातीहरुको संस्कृतिक ग्रामको विकास र होम स्टे निर्माणको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- राप्ती- ४ को शिखर इको –टुरिजम क्षेत्र विकासको निम्ति प्रदेश सरकारसँग रु ५ करोडको माग गरेको छु ।

२. नगरभरि नै उपयुक्त सभा गृहको अभाव खड्किरहेको अवस्थामा वडा नं ४ मा नगर सभागृह निर्माण सुरु गर्न रु. ३९ लाख बजेट व्यवस्था गरेको छु । साथै पूर्ण रुपमा सम्पन्न गर्नका लागि थप २ करोड बजेट प्रदेश सरकारसँग माग गरेको छु

३.पहाडी भूभागमा छरिएका वस्तीहरुको कारण सेवा सुविधा पुर्याउन असजिलो र महँगो पर्न जाने भएकोले त्यसलाई सहज बनाउन लोथर र कोराकमा कम्तिमा एक एक एकिकृत वस्ती निर्माणको निम्ति अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्न वजेट विनियोजन गरेको छु ।

४. पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिएका शिखर फेदि नाग पोखरीमा एक विशाल नागको मूर्ति निर्माण र न.पा.ले तयार गरेको डि.पि.आर. बमोजिम काम सम्पन्न गर्नका लागि प्रदेश सरकार सँग रु ४ करोड  माग गरेको छु ।

५.यस नगरपालिका भित्र पर्ने साविक पिप्ले गा.वि.स. को अध्यक्षको रुपमा कार्यरत रहदारहदै आकस्मिक रुपमा निधन हुनुभएका अत्यन्त इमान्दार, लगनशील र कर्तव्यनिष्ठ व्यक्तित्व स्व. गोपाल प्रसाद पाठकको स्मृतिमा निर्मित गोपाल स्मृति प्रतिष्ठानको भवन निर्माणाधिन अवस्थामा रहेकोले सो कार्य पूरा गर्न प्रदेश सरकारसँग रु २ करोड माग गरेको छु ।

६. समग्र नगरपालिकाको विकास र अनुभव आदान प्रदानको निम्ति अन्य मूलुकका नगरपालिकाहरु संग भगिनी सम्बन्ध कायम गर्ने नीति लिएको छु ।

## शहरी पूर्वाधारको विकास

- राप्ती नगरपालिकाको विस्तृत नगर प्रोफाइल निर्माणधिन चरणमा रहेको र प्रोफाइल निर्माण सम्पन्न पश्चात नगर गुरु योजना निर्माण गरी दीर्घकालीन योजना सहितको विस्तृत प्रतिवेदन तयार गरिनेछ
- नगरपालिकालाईव्यवस्थित र हरियालीयुक्त शहरको रुपमा विकास गर्न भू-उपयोगको नीतिलाई कडाइका साथ् लागु गर्ने र आवश्यक पूर्वाधारको विकास गर्दै लगिनेछ
- शहरी विकासको निम्ति सरकारी, नीजी र सार्वजनिक-नीजी साझेदारीको आधारमा लगानी व्यवस्था गर्न पहल गरिनेछ  ।

## सफा नगर : स्वस्थ नागरिक

- पुर्व –पश्चिमराजमार्गकोपर्ने दुवै तर्फको ट्र्याक सफा गर्ने कार्यको लागि सडक डिभिजनसँग समन्वय गरी काम अगाडी बढाइनेछ ।

- नगर भरिका नाली भएका बाटोहरुको दुवै तर्फ वृक्षारोपणकार्यक्रमको निम्ति बजेठको व्यवस्था गरेको छु भने आगामी नववर्ष २०७६ बैसाख १ गते प्लास्टिक झोला मुक्त नगर बनाउन वैकल्पिक व्यवस्थाको निम्ति बजेट विनियोजन गरेको छु
- नगरपालिकाको फोहोर व्यवस्थापनको लागि सिन्धु सरसफाई संस्थासँग सम्झौता गरी सकेकाछौ अझै त्यसलाई बैज्ञानिक व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रमहरु टोलविकास संस्था मार्फत संचालन गर्ने सोंच गरिएको छु ।

**उज्यालो नगर अभियान**

- राकशे जल विद्युत योजना सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन को निम्ति बजेट विनियोजन गरेको छु
- पहाडमा सोलार वत्ति जडान सहयोग रराजमार्गमा सोलार सडकबत्तीको निम्ति योजना राखेको छु
- लघु जलविद्युत योजनाको सम्भावना भएका स्थानहरुमा त्यसको निम्ति पहल गरिने निति लिएको छु ।
- नगरका समथर भूभागहरुमा विद्युत सुविधा नपुगेका स्थानहरुमा विस्तारको निम्ति विद्युत प्राधिकरणसँग समन्वय गरी तारपोल व्यवस्थाको निम्ति पहल गर्ने योजनाहरु राखेको छु ।

**मानव स्रोत विकासको आधार: शिक्षा र स्वास्थ्यका पूर्वाधार**

मानव स्रोत विकासको मुख्य आधारको रुपमा रहेको शिक्षार स्वास्थ्यको क्षेत्रमा निम्नानुसारका कार्यक्रमहरु संचालन गर्ने योजना निर्माण गरेको छु ।

- पहाडी क्षेत्र लोथर र कोराकमा विद्यालय टाढा भएको कारण विद्यालय जाने उमेरका बालबालिकाहरु बीचैमा पढाई छोड्ने गरेको पाइएकोले त्यसलाई निरुत्साहित गर्न राप्ती नगरपालिका-१२ यउरालीटार नि.मा. वि. लाइ आवासीय बनाउन छात्रावास भवन निर्माणको निम्ति शान्ति गृह

नेपाल संस्थालाई प्रयाप्त बजेट विनियोजन गर्न लगाएको छु । त्यसैगरी वडा नं. ११ थाललटार मा वि को निम्ति आवाशीय भवन निर्माणको निम्ती परिवर्तन नेपाल संस्थालाई प्रयाप्त बजेट व्यवस्था गर्न लगाएको छु । अत्ति विगट स्थान कान्देश्वरी स्थान कान्देश्वरी आधारभुत विद्यालयमा आवसियको लागी लक्ष्मी प्रतिष्ठानसँग समन्वय गरि व्यवस्थित गर्ने सोच लिइएको छु ।

- जनआदर्श बहुमुखी क्याम्पस लाई आइ.टी. कलेजको रुपमा प्रवर्धनको निति लिएको छु । बुद्धशान्तिक्याम्पसलाई प्राविधिक शिक्षालयको रुपमा संचालन गर्न आवश्यक प्रक्रियाहरु अघि बढाउने प्रयास गरिनेछु । उल्लेखित २ कलेजहरुलाई व्यवस्थित किसिमले व्यवस्थापन गर्नका लागि प्रदेश सरकारसँग १/१ करोड माग गरेको छु ।
- उत्कृष्ट छात्र/छात्रा प्रोत्साहन कार्यक्रम अन्तर्गत नगर भित्रक मा.वि./उ.मा.वि. का विद्द्यार्थी मध्ये एस.इ.इ. परिक्षामाए प्लस ग्रेड प्राप्त गर्ने छात्र/छात्रा हरुलाई प्रोत्साहन गर्ने कार्यक्रम राखेको छु ।
- पुर्व प्राथमिक कक्षा संचालन भएका विद्यालयहरुको गुणस्तर उठाउन मन्टेस्वरी कार्यक्रमको निम्ति बजेट विनियोजन गरेको छु
- नगर भरिका विद्यालयहरुको सुधार र तिनीहरुकोपूर्वाधार विकासको निम्ति विभिन्न आयोजनाहरुराखेको छु
- भण्डारा हे.पो.लाई स्त्री-रोग विशेषज्ञता सहितको अस्पतालको रुपमा विकास गर्न बजेटको व्यवस्था गरेको छु । ब्रम्हानगर हे.पो. लाई बल रोग विशेषज्ञता सहितको सेवा प्रदान गर्ने हिसाबले विकसित गर्ने साथै बाँकि रहेका हे.पो. हरु पनि सुधार गर्ने कार्यक्रमहरु राखेको छु र तिनीहरुको स्तरोन्नति गरी विशेषज्ञता सहितको सेवा प्रदान गर्ने व्यवस्था मिलाउने नीति लिएको छु
- स्वास्थ्य स्वयम्सेविका प्रोत्साहन कार्यक्रम तथा शहरी क्लिनिक संचालनको निम्ति आवश्यक बजेट विनियोजन गरेको छु ।

## युवा तथा खेलकुद

- नगर भित्र खेलकुदको निम्ति व्यवस्थित पूर्वाधार नभएको अवस्था माराप्ती-२ मा रंगशाला निर्माणको र बीरेन्द्रनगरमा क्रिकेट मैदान र भण्डारा मा वि चउरमा मिनि रंगशाला निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने र काम शुरु गर्न प्रदेश सरकारसँग बजेट माग गरेको छु । त्यसैगरी, भएका खेल मैदानहरुको सुधार , खेलसामग्री हरुको वितरण आदि आयोजना हरु समावेश गरिने निति लिइएको छु ।

## वन तथा भू उपयोग

- सबैसामुदायिक वनहरु र वन व्यवस्थापनको निम्ति "वन व्यवस्थापन संजाल-राप्ती" निर्माण गर्ने व्यस्था गरेको छु
- राष्ट्रियनिकुन्जको मध्यवर्ती क्षेत्रमा निकुन्जबाट आउने वन्यजन्तुहरुबाट वस्तीमा भैरहने अतिक्रमण र नोक्सानीलाई न्यूनीकरण गर्न झ्यालाचौर देखि राप्ती नगरपालिकामा पर्ने कुच्कुचे सम्म(राप्ती वडा नं. १, ३ र ६) कंक्रिट फेंसिंग वाल निर्माण गर्ने योजनाको लागि प्रदेश सरकारसँग रु २५ करोड माग गरिएको छ ।
- भू-उपयोगको नीति अनुरुप अव्यवस्थित जग्गा प्लटिंगलाई व्यवस्थित गर्दै लगिने निति लिएको छु ।
- नगर भित्र रहेका सार्वजनिक जमीनहरुको खोजि गरी त्यसको संरक्षण तथा व्यवस्थित गरिने निति लिएको छु ।

## साना  तथा घरेलु उद्घ्योगकोविकास

- यस नगर भित्र तरकारी खेति र दुग्ध उत्पादनको स्थिति रहेकोमा त्यसको बजार व्यवस्थापन र प्रसोधन तथा परिकार उत्पादनको निम्ति आवश्यक पहल गरिनेछ

- साथै, उद्योग स्थापनाको सम्भाव्यता अध्ययन गरी लगानी खोजी गर्ने सोंच राखिएको छ

**स्वस्थखानेपानीकार्यक्रम**

- खानेपानीअभाव भएका नगरका विभिन्न स्थानहरुमा चापाकल ( ट्युबेल धारा ), बोरिंग, इनार आदिको माध्यमबाट खानेपानीको आपूर्ति गर्न रकम योजनाहरु प्रस्ताव गरिएको छ
- हाल नगर भित्र चालु रहेका खानेपानी प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ रखानेपानीको गुणस्तर जांच बेला बेलामा गर्ने व्यवस्था मिलाइनेछ ।

**कृषि तथा पशु विकास :**

- कृषि उपजको भण्डारण गर्ने गरी कृषि उत्पादक सहकारीहरु संगको समन्वयमाएक“शीत भण्डारण केन्द्र” को स्थापना गर्नको निम्ति प्रदेश सरकारसँग बजेट माग गरेकोछु ।
- नगर भरिका कृषकहरुको पशु बीमा सहयोग (२५ % अनुदान) को निम्ति बजेट व्यवस्था गर्ने निति लिएको छु ।
- सामुदायिकवनहरुमाकुरिलो, बेसर, अदुवा, अम्रिसोआदिखेतीगर्ने जस्ता आयमुलक कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिने निति लिएको छु ।
- कृषि सहकारीहरुको पूर्वाधार विकासको निम्ति आयोजनाहरु प्रस्ताव गरेको छु।
- कृषकका खेतहरुमा कृषि सामग्री र उत्पादन ओसार-पसारको निम्ति सहज बनाउन आवश्यक ठाउँहरुमा सडकहरु निर्माण गर्दै लगिने निति लिएको छु ।

**विकासको आधार: यातायात पूर्वाधार**

- मेट्रो रेल संचालन गर्न पहल गर्न भरतपुर देखि पुर्वका नगरपालिकाहरु संग समन्वय गर्नेयोजनाबनाएको छु

- नगरका वार्ड बाट छनौट भए अनुसार  सडक तथा बाटो निर्माणकाबाटो खोल्ने, ग्रावेल गर्ने, कालोपत्रे गर्ने योजनाहरुमा बजेट विनियोजन गरेको छु
- पुर्व-पश्चिम राजमार्गको यस नगरपालिका भित्र पर्ने भूभागमा दाया बाया ट्र्याक खोल्ने र नाली व्यावस्थापनको समस्या समाधान गर्न पहल गरिने नीति लिएको छु ।

**सिंचाई प्रणालीको सुधार: कृषि उत्पादनको आधार**

- नगर भरि भएका सिंचाई प्रणालीहरुलाई मर्मत सम्भार र व्यवस्थित गर्न आयोजनाहरुको व्यवस्था गरिएको छ र थप सुधार कार्यको निम्ति स्रोतको खोजी गरिनेछ
- स्यालो बोरिंग, डीप बोरिंग जस्ता आयोजनाहरुको निर्माण र सुधारको निम्ति योजना निर्माण गरेर अगाडी बढ्नेछु

**आयआर्जन र रोजगारी**

- युवा तथा महिलाहरुलाई लक्षित गरी सिलाइ कटाई, डकर्मी, सिकर्मी, इलेक्ट्रिकल, वेइडिङ, मुढा बुन्ने, कम्पुटर, ड्राइभिङ जस्ता तालीम कार्यक्रमहरु संव्चालन गरिनेछ ।

## बैंकिंग सुविधाको विस्तार

- बैंकिंग सुविधा नपुगेका पहाडी भूभागहरुमा उपयुक्त खालको बैंकिंग सुविधा प्रदान गर्न पहल गरिने नीति लिएको छु ।

## प्राकृतिक प्रकोप नियन्त्रण

- बाढी पैरो जस्ता प्राकृतिक प्रकोपबाट पटक पटक पिडित भैरहेकोयस नगरपालिकामातटवन्धन निर्माण, चेक ड्याम निर्माणगर्ने, बायोइन्जिनीरिंगको माध्यमबाट पैरो नियन्त्रण गर्ने जस्ता कार्यको लागि सम्भाव्य स्रोतहरुको खोजिगर्ने सोंच लिइएको छु ।
- यस नगरपालिकाको दक्षिणि भागमा बसोबास गर्ने हजारौ जनताहरु लोथर खोला र राप्ती नदिलाई सिरानीमा राखेर सधै तरंगै तरङ्गमा जिउन विवश रहेका छन  । तसर्थ लोथर देखि सौराह सम्म सिमेन्टेड पिलर सहितको आर सि सि ढलानको पक्की ड्याम निर्माण गर्न प्रदेश सरकार र संघिय सरकारसँग बजेट माग गरेको छु ।
- पम्पखोला तटबन्धन (शिर्कोट पुल देखि दक्षिणपम्पाखोलापुलसम्म) दाया बाया तटबन्धन गर्न, चात्रा खोला तटबन्धन, गोङगोरचोक खोला तटबन्धन हत्तिधाप खोला तटबन्धन जस्ता नगर भरिका खोलाखोल्सीका जोखिमपूर्णस्थानहरुमा तटबन्धन कार्यको निम्ति स्रोतकोखोजिगरिनेछ
- नगरका अन्य बढी पैरोको जोखिम रहेका स्थानहरुमा साना साना तटबन्धनका योजनाहरु राखिएको छु ।

## महिला विकास तथा सामाजिक कल्याण

- गर्भवती महिलाहरुको निम्ति पोषण कार्यक्रम, महिलाहरुको निम्ति शीपमूलक तालीम कार्यक्रम जस्ता कार्यक्रमहरु बजेटमा समेटिएको छु ।
- उठ्न बस्न नसक्ने अपाङ्गहरुको सहयोगको निम्ति अपाङ्ग पोषण कार्यक्रमको निम्ति बजेट छुट्ट्याएको छु भने , नगरपालिका भित्रका सबै सरकारी कार्यालयहरुलाई अपाङ्ग मैत्री बनाउनको निम्ति आवश्यक कदम चल्ने नीति लिनेव्यवस्था गरेको छु

- वृद्धहरुलाई सम्मान गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सुलभ र सेवाग्राही मुखी बनाउन बैङ्किङ प्रणालीलाइ अवलम्बन गर्ने निती लिएको छु ।

## संस्कृतिसंरक्षणतथा सम्बर्धन

- विभिन्नजातजाति, धर्म, संस्कृतिआदिको संरक्षण, संबर्धनको निम्ति जातीयसंस्कृति संग्राहलय, होम स्टे , धार्मिक संग्राहलयका साथै यस राप्ती न.पा.मा एक वृद्ध विश्राम खुल्ला विश्वविद्यालय (Old relaxation open University) संचालन गर्न भौतिक पूर्वाधारहरुको निर्माणको लागि योजनाहरु प्रस्ताव गर्ने नीति लिएकोछु । साथै, सम्भावित स्थानहरुमा धार्मिक पर्यटनको विकास गर्ने सोंच लिएको छु ।

## सूचना तथा संचार

- संचारको राम्रो व्यवस्था नभएका पहाडी भूभागहरुमा त्यसलाई सहज बनाउन आवश्यक पहल गरिनेछ

## नगरभित्रको सुशासन: चुस्त र दुरुस्त प्रशासन

- नगरवासीहरुलाई बढी भन्दा बढी छिटो छरितो र पारदर्शी ढंगले सेवा प्रवाह गरिनेछ ।
- अहोरात्र रुपमा खटिनु हुने कर्मचारीहरुको उच्च मनोबलका साथ काम गराउनको लागि यस नगरपलिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप साविकमा दिइदै आएको सुविधालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निर्देशिका अनुसार प्रोत्साहन भत्ता कटौती गरिएकोले नगरको विद्यमान कार्यक्रम र उपलब्ध जनशक्ति अनुसार अत्यन्त न्यून रहेकोले पदपूर्ति नहुदा सम्म विद्यमान जनशक्तिलाई अतिरिक्त समय (Over Time) काममा लगाई खाइपाइ आएको तलब भत्ता अनुसार काम गरेको अवधि हिसाव गरि अतिरिक्त समय (Over

Time) भत्ता उपलब्ध गराउने निती लिएको छु । यसबाट न्यून बजेटमा काम सम्पन्न भइ करिव रु ७५ लाख बजेट बचत हुने अपेक्षा लिएको छु ।

- नगरपालिका कार्यालय र वडा कार्यालयहरुक काम हरुलाई कम्प्युटराइजड प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ
- नगरका हरेक कार्यालयमा उजुरी पेटिका लै व्यवस्थित गरी आएका उजुरीहरुको चाडो भन्दा चाडो निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

## आयोजना कार्यान्वयनमा सुधार

१०. आयोजना कार्यान्वयनलाई छिटो छरितो र पारदर्शी बनाउन र गुणस्तरीय सेवा प्रदान गर्न एक कार्यविधि र संयन्त्रको निर्माण गरिनेछ ।

## अध्यक्ष महोदय , सदस्यज्युहरु,

अव म आ.व. ०७३।०७४ को यथार्थ, ०७४/७५ को संशोधित तथा ०७५/०७६ को अनुमानित आय व्याय विवरण पेश अनुमित चाहन्छु

आर्थिक वर्ष : २०७५/७६

रकम रू. हजारमा

| शीर्षक | आर्थिक वर्ष२०७३/७४ को यथार्थ | आर्थिक वर्ष२०७४/७५ को संशोधित अनुमान | आर्थिक वर्ष२०७५/७६ को अनुमान |
|---|---|---|---|
| आय | १७,७२,९१००० | ६०,३०,४२००० | ५१,२०,४५००० |
| राजस्व | २,३०,७०००० | १,८४,१९००० | १४,८७,४५००० |
| आन्तरिक श्रोत | २,३०,७०००० | १,८४,१९००० | ४,००,००००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | १०,८७,४५००० |

| | | | | |
|---|---|---|---|---|
| अन्य आय | | | | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | १५,४२,२१००० | ५८,४६,२३००० | ३६,३३,००००० |
| जनसहभागिता | | | | |
| | | | | |
| व्यय | | १५४२२१००० | ६०३०४२००० | ५१,२०,४५००० |
| | चालु खर्च | ८११२४८८५.९० | ३७३८८६००० | ३२,५४,९४००० |
| | पूंजीगत खर्च | ७३०९६००४.१० | २२९१५६००० | १८,६५,५१००० |

महोदय
अव म यस गरिमामय सभा समक्ष राप्ती नगरपालिकाको आ.व. ०७५/७६ को प्रस्तावित बजेटलाई क्षेत्रगत रुपमा बजेट विनियोजनको अवस्था बारे निवेदन गर्न चाहन्छु ।

कुल बजेट रकम ५१ करोड २० लाख ४५ हजार

| क्र सं. | क्षेत्र | प्रस्तावित बजेट | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २ करोड ८४ लाख ६३ हजार | ५.५५८ |
| क | कृषि तर्फ | १ करोड ८१ लाख ६३ हजार | ३.५४७ |
| २ | सामाजिक विकास | २० करोड ६५ लाख ५९ हजार | ४०.३४ |
| क | शिक्षा | १५ करोड ९९ लाख २६ हजार | ३१.२३२ |

राप्ती नगरपालिका

| | | | |
|---|---|---|---|
| ख | स्वास्थ्य | २ करोड ९८ लाख ३६ हजार | ५.८२६ |
| ३ | पूर्वाधार विकास | १३ करोड २७ लाख ७६ हजार | २५.९३ |
| क | सडक पुल | ८ करोड ६६ लाख ५० हजार | १६.९२२ |
| ख | भवन तथा शहरी | २ करोड ८८ लाख ७८ हजार | ५.६३९ |
| ४ | वातावरण तथा विपत | १ करोड ३० लाख | २.५३८ |
| ५ | संस्थागत सेवा प्रवाह | ३ करोड ५३ लाख ९६ हजार | ६.९१२ |
| क | संस्थागत क्षमता विकास | १ करोड ९३ लाख १६ हजार | ३.७७२ |
| ६ | विविध व्यवस्थापन तथा सुशासन | १५ लाख | ०.२९२ |
| ७ | कार्यालय संचालन तथा प्रशासन | ९ करोड ४३ लाख ५१ हजार | १८.४२६ |
| क | पारिश्रमिक सुविधा | ५ करोड ८१ लाख ५७ हजार | ११.३५७ |
| | कुल जम्मा | ५१ करोड २० लाख ३५ हजार | |

अध्यक्ष महोदय,

मैले माथि प्रस्तुत गरेको कुल बजेट र क्षत्रगत रुपमा विनियोजित बजेटहरुमा १५ लाख भन्दा बढी रकम विनियोजन भएका केही योजनाको विवरण  उल्लेख गर्न चाहान्छु ।

| क स | योजनाको नाम | वडा नं. | रकम रु |
|---|---|---|---|
| १ | नगरपालिका भवन निर्माण | नगर | १००००००० |
| २ | भण्डारा स्वास्थ्य चौकी | नगर | २०००००० |
| ३ | वडा कार्यालय भवनहरु | नगर | ४०२८००० |
| ४ | च्यात्राङ खोला सिचाइ आयोजनाको पाइपलाइन विस्तार तथा डिपबोरिङ निर्माण (खुइजुरी टोल) | ९ | ३३००००० |
| ५ | कृषि सडक प्रतापपुरमा ढलान वा पिच | १ | ३०००००० |
| ६ | आदर्श मार्ग र सूर्यमुखी मार्ग कालोपत्रे वा ढलान | २ | ३०००००० |
| ७ | नमुना मार्ग स्वर्गद्धवारी प्रगतिपुर पर्सौनीडाडा मार्ग र रातोमाट मार्ग बाटो ढलान पिच वा मोजायक टायल | ३ | ३०००००० |
| ८ | बनदेवि र शिवपुरी मार्ग कालो पत्रे | ४ | ३०००००० |
| ९ | बाघदेवी क्षेत्रमा सास्कृति संग्राहालय निर्माण | ७ | ३०००००० |

| | | | |
|---|---|---|---|
| १० | खानेपानी सिचाई पाइपलाइ विस्तार | ९ | २६००००० |
| ११ | कृषि सडक डिपाटमा ढलान वा पिच | १ | २५००००० |
| १२ | ब्रम्हास्थानी सामुदायिक बनमा पिकनिक स्पोर्ट निर्माण डि पि आर सहित | ३ | २५००००० |
| १३ | संगम मार्ग मिलन मार्ग परिवर्तन मार्ग र रुम्बाघोल निर्माण | ४ | २५००००० |
| १४ | ज्योति मार्ग सल्याप कल्वर्ट सहित | ७ | २५००००० |
| १५ | फन पार्क निर्माण रातो माटे चउर | ८ | २५००००० |
| १६ | उन्नत जातको गाई पालकका लागि संगालो कृषि सहकारी संस्था मार्फत | ११ | २५००००० |
| १७ | कुपनटोल राम गैरी मार्ग  ढलान वा कालोपत्रे | २ | २०००००० |
| १८ | बेल्डिया बाटो बाँकी नाला निर्माण सहित कालोपत्रे | ६ | २०००००० |
| १९ | दवाडी चोक देखि टि.सि.यन. रोड कालो पत्रे सडक निर्माण | ८ | २०००००० |
| २० | स्वामीटार ढाँडखोला किरनटार धारापानी रिङरोड | १० | २०००००० |
| २१ | कालिटार देखि कान्दा ट्र्याक मोटरेवल बाटो निर्माण | १३ | २०००००० |
| २२ | ताङराङ देखि रोक्राङ हुदै लोलिङ सम्म ट्याक खोल्ने | १३ | २०००००० |

| | | | |
|---|---|---|---|
| २३ | कालीटार स्वास्थ्य चौकी भवन निर्माण | १३ | २०००००० |
| २४ | कञ्चन बस्ति बाँकी मार्ग पिच | ५ | १९५०००० |
| २५ | तास भङ्ग्याङ खत्तीसाल आपपानी थाकलटार हात्तीढाप ११ कि.मी. विद्युत लाइन विस्तार | ११ | १६००००० |
| २६ | लक्ष्मीनारायण मन्दिर निर्माण थेग्छेन ग्याछोलिङ बौद्ध गुम्बा निर्माण र गैडाढाप शिवालय उधान डि पि आर | ४ | १५००००० |
| २७ | वडा कार्यालय मार्ग पिच ढलान | ७ | १५००००० |
| २८ | संगम टोल बाटो निर्माण | ९ | १५००००० |
| २९ | धारापानी ओनेवाङ गोष्ठी चैथली चिसापानी कोरोङ सडक रु | ११ | १५००००० |
| ३० | पर्खाल मोटर बाटो ट्र्याक | १२ | १५००००० |
| ३१ | गोन्वाङ मोटर बाटो | १२ | १५००००० |
| ३२ | कालीटार देखि पोल्पिन स्यामराङ ट्र्याक मोटरेवल बाटो निर्माण | १३ | १५००००० |
| ३३ | ग्रम्वाङ देखि तामाङ सिरान भान्साराङ ट्र्याक मोटररेवल बाटो निर्माण | १३ | १५००००० |

अध्यक्ष महोदय,

११. अब म आर्थिक वर्ष २०७५/७६ मा यस नगरपालिकाबाट हुने राजस्व परिचालन नीतिसम्बन्धमा प्रस्तुत गर्न चाहन्छु:

- नगरपालिकाकोकर वृद्धिको निम्ति करकोदायरालाई बढाउने
- कर चुहावटलाई नियन्त्रण गर्न समयमै कर तिर्ने लै छुट र ढिलो गर्ने लाई  जरिवानाको नीतिलाई कडाइका साथ लागु गर्ने  ।
- करका आधारको खोजि र उपयुक्त करका दरको निर्धारण गर्न राजस्व परिचालालन सम्बन्धी बैज्ञानिक र व्यवस्थित नीति निर्माण गर्ने
- कर संकलन प्रणाली लाई एकीकृत र सफ्टवेयरको प्रयोगबाट व्यवस्थित गर्ने
- करदाता शिक्षा कार्यक्रम संचालन गर्ने
- वडाहरुलाई कर संकलनमा प्रतिष्पर्धी बनाउन र उत्साह प्रदान गर्न प्रोत्साहन कार्यक्रम राख्ने
- करदायित्वलाईकडाइका साथ् सेवा प्रवाह संग जोड्ने – कर तिरे पछी मात्र सेवा पाइने व्यवस्था गर्ने
- उपयुक्तकर प्रणाली र दक्ष कर प्रशासनको व्यवस्था गर्ने

अध्यक्ष महोदय, नगर सभासद ज्युहरु,

१२. मैले बजेटकासंक्षिप्त र नीतिगत कुराहरु यहाहरु समक्ष प्रस्तुत गरे. खर्च अनुमान, राजस्व अनुमान, खर्च शिर्षक तथा आयोजनाहरु विनियोजित रकम, नगरपालिकाको आम्दानी भन्दा बाहिरका स्रोतबाट गर्न प्रयास गरिने आयोजनाहरुको विस्तृत विवरण अनुसूचीहरुमा उल्लेख गरिएको छ । असिमित आवश्यकता र सीमित स्रोतको कारण सोचिएका सबै योजनाहरु बजेटमा समावेश गर्न सकिएन. तर पनि स्रोत बढ्दै जादा महत्व र जरुरिको आधारमा विकासका योजनाहरु नगरपालिकालेअगाडि बढाउदै जानेछ ।  हाम्रा यस क्षेत्रका सांसद तथा पुर्व अर्थमन्त्री माननीय सुरेन्द्र पाण्डेज्युको पहलमा सडक, खानेपानी, विदुतिकरण, सिंचाईआदि क्षेत्रमा धेरै काम सम्पन भैसकेकोले त्यसले हाम्रो भारलाई अझै कम गरेको छ । यस समयमा त झन प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सरकारी मन्त्रि समेत हाम्रो यसै नगरपालिकाको बासिन्दा हुनुहुन्छ । तसर्थ यस अवस्थामा यस नगरपालिकाको विकास निर्माणको कार्यमा ठुलो टेवा मिल्नेछ । नगर सरकारको रुपमा तेस्रो पटक बजेट प्रस्तुत गरिरहेको यस

घडीमा मा उहा प्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । यस नगरको विकासको लागि स्वीस सरकारबाट प्राप्त सहयोग प्रति धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको अपेक्षा गर्दछु । समय मै बजेट मार्ग दर्शन पठाउन अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य मन्त्रालय प्रति आभारी छु । यस नगरपालिकाको विकासको लागि सहयोगी हात बढाउदै आउनुहुने विभिन्न संघसंस्था प्रति आभार व्यक्त गर्दछु । प्रदेश सरकारबाट विकास निर्माणका लागि अनुदान प्राप्त हुने अपेक्षा गर्दछु ।

अन्तमा,  यस बजेट तयार गर्नको निम्ति योगदान पुर्याउनुहुने नगरका सभासदहरु, सबै वडाध्यक्ष र नगरपालिका बोर्डका सदस्यज्युहरु, बजेट तर्जुमा समितिका सदस्यज्युहरु, विषयविज्ञज्युहरु, नगरपालिकाका कर्मचारी मित्रहरु लगायत सम्बन्धित सबैमा हार्दिक धन्यवाद  एव आभार प्रकट गर्दछु । यस घडीमा सम्पूर्ण नगरवासीहरु, नगरभित्रका सम्पूर्ण करदाताहरु सबैमा मा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, यो बजेटको प्रभावकारी कार्यन्वयनमा सहयोग गरिदिन हुन म सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिक दलहरु, उद्द्योग व्यवसायी, नागरिक समाज, पत्रकारलायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपील गर्दछु । नगरको विकास र समृद्धिको निम्ति योगदान पुर्याउनुहुने सम्पूर्ण सरकारी गैरसरकारी संघ-संस्था, निकाय असीमित आवश्यकताका बीच यस नगरलाई सुन्दर बनाउन र नगरवासीलाई समृद्ध बनाउने अभियानमा हामी सबै एक भै प्रतिवद्धताका साथ कटिवद्ध भएर लाग्न हामी सबैलाई प्रेरणा मिलोस् ।

धन्यवाद!

**इमानसिंह लामा**

उप-प्रमुख

**राप्ती नगरपालीका,भण्डारा चितवन**

मिति २०७५ असार १० गते आइतबार ।